नेपाल सरकार
विज्ञापन बोर्ड
बबरमहल, काठमाडौं

प.सं. :- ०८३/८४
च.नं. :- ३४

मिति :- वि.सं. २०८३/०४/२५
ने.स. :- ११४६ दिल्लागा,१२ सोमवार

विषयः २०८३ भाद्र महिनामा प्रकाशन गर्न लोककल्याणकारी विज्ञापन पठाइएको सम्बन्धमा ।

श्री सम्पादक/प्रकाशकज्यू
आ.व. २०७९/०८० को पत्रपत्रिका वर्गीकरण पुनरावलोकन सहितको अन्तिम नतिजासम्बन्धी प्रतिवेदन, २०८२ मा परेका पत्रपत्रिकाहरु (सबै)

विज्ञापन (नियमन गर्ने) ऐन २०७६ को दफा ३२, विज्ञापन (नियमन गर्ने) नियमावली, २०७७ को नियम ६, छापामाध्यमका लागि लोककल्याणकारी विज्ञापन प्रकाशनसम्बन्धी कार्यविधि, २०८२ को दफा ८(२) बमोजिम छापामाध्यमबाट लोककल्याणकारी विज्ञापन प्रकाशन गर्ने प्रयोजनको लागि आ.व. २०७९/०८० को पत्रपत्रिका वर्गीकरण पुनरावलोकन सहितको अन्तिम नतिजासम्बन्धी प्रतिवेदन, २०८२ मा परेका पत्रपत्रिकाले २०८३ साल भाद्र महिनामा प्रकाशन गर्नका लागि लोककल्याणकारी विज्ञापन संलग्न गरी पठाइएको छ। बोर्डबाट उपलब्ध गराइएको लोककल्याणकारी विज्ञापन प्रकाशन गर्दा छापामाध्यमका लागि लोककल्याणकारी विज्ञापन प्रकाशनसम्बन्धी कार्यविधि, २०८२ र देहाय बमोजिम गर्नु/गराउनु हुन निर्णयानुसार अनुरोध छ।

देहायः

१. छापामाध्यमका लागि लोककल्याणकारी विज्ञापन प्रकाशनसम्बन्धी कार्यविधि, २०८२ संशोधन प्रकृयामा रहेको र लोककल्याणकारी विज्ञापन प्रकाशन वापत पत्रपत्रिकालाई भुक्तानी गरिने रकमको मासिक दर लगायतका बिषय परिमार्जन हुनसक्ने भएकोले संशोधित कार्यविधि स्वीकृत नभएसम्मका लागि हाललाई २०८३ भाद्र महिनामा लोककल्याणकारी विज्ञापन प्रकाशन गर्न ईच्छुक पत्रपत्रिकाले मात्र प्रकाशित गर्ने साथै प्रकाशित गरेका पत्रपत्रिकाले विल बीजक जारी नगर्ने र सम्बन्धित बोर्ड/हुलाक निर्देशनालय/जिल्ला हुलाक कार्यालयहरुले उक्त महिनामा लोककल्याणकारी विज्ञापन प्रकाशित गरेका पत्रपत्रिका तथा विल बीजक हाललाई नबुझ्ने।
२. छापामाध्यमका लागि लोककल्याणकारी विज्ञापन प्रकाशनसम्बन्धी कार्यविधि, २०८२ को दफा ११ बमोजिमको आकार र अङ्कमा विज्ञापन प्रकाशन गर्नु हुन।
३. पत्रसाथ उपलब्ध गराइएका विज्ञापनहरु २०८३ साल भाद्र महिनाको लागि भएकोले सोही महिनामा मात्र प्रकाशित गर्नु हुन।
४. लोककल्याणकारी विज्ञापन प्रकाशन गर्दा फरक फरक अंकमा नदोहोऱ्याई फरक फरक विज्ञापन प्रकाशन गर्नु हुन।
५. लोककल्याणकारी विज्ञापन प्रकाशन वापतको रकम भुक्तानी पाउन विज्ञापन बोर्डमा अनिवार्य रुपमा सूचीकरण/नविकरण हुनु पर्ने।

(डिल्ली राम सुवेदी)
शाखा अधिकृत

बोधार्थः
श्री हुलाक निर्देशनालय (सबै) र श्री जिल्ला हुलाक कार्यालय (सम्बन्धित सबै)
उल्लेखित व्यवस्था अनुरुप गर्नु/गराउनु हुन अनुरोध छ।

इमेलः info@adboard.gov.np फोन नं: +९७७ ०१५९०९३४४ वेबसाइटः https://adboard.gov.np/

# सूचनाको हक: नागरिकको मौलिक अधिकार

❖ सार्वजनिक सरोकारका सूचना प्राप्त गर्नु नागरिकको अधिकार हो,

❖ सार्वजनिक सरोकारका सूचना उपलब्ध गराउनु राज्यको दायित्व हो,

❖ सही, तथ्यपरक र आधिकारिक सूचना आदान–प्रदान गरौं,

❖ सार्वजनिक निकायमा कानुनबमोजिम सूचना अधिकारी तोक्ने गरौं,

❖ डिजिटल प्रविधिको प्रयोग गरी सूचनामा नागरिकको पहुँच विस्तार गरौं,

❖ प्रत्येक नागरिकलाई आफ्नो वा सार्वजनिक सरोकारको कुनै पनि विषयको सूचना माग्ने र पाउने हक हुन्छ, तर कानुन बमोजिम गोप्य राख्नु पर्ने सूचनाको जानकारी दिन कसैलाई बाध्य पार्न मिल्दैन।

नेपाल सरकार
विज्ञापन बोर्ड

# साक्षर समाज-सक्षम राष्ट्र

अक्षर चिन्न सक्ने हातले मात्रै आफ्नो अधिकार चिन्न सक्छ, शिक्षित नागरिकले मात्रै समाज परिवर्तन गर्न सक्छ, साक्षरता भनेको केवल पढ्न लेख्न जान्नु मात्र होइन, यो आत्मविश्वास, रोजगारी, स्वास्थ्य र स्वतन्त्रताको ढोका हो।

शिक्षाः

- आत्मनिर्भर बन्नका लागि,
- रोजगारी र अवसरको लागि,
- लैंगिक, जातीय र क्षेत्रीय समानताका लागि,
- धार्मिक सहिष्णुता र सम्मानको लागि,
- अधिकार र कर्तव्य बोधका लागि,
- स्वास्थ्य सम्बन्धी सचेतनाका लागि,
- आर्थिक सशक्तिकरणका लागि,
- सामाजिक विकास र समृद्ध राष्ट्रको लागि।

नेपाल सरकार
विज्ञापन बोर्ड

# मानव बेचबिखन नियन्त्रण गरौं

**मानव बेचविखन भन्नाले:**

- मानिसलाई झुक्याएर बन्धक बनाउने वा दास बनाउने,
- मानिसलाई खरिद बिक्री गर्ने र जवरजस्ती काममा लगाउने,
- कुनै प्रकारको फाइदा लिई वा नलिई वेश्यावृत्तिमा लगाउने,
- प्रचलित कानुन विपरीत मानव अङ्ग झिक्ने वा व्यापारिक प्रयोजनमा खरिद बिक्री गर्ने,
- वेश्यागमन गर्ने वा गराउनेजस्ता कार्य हुन्।

**तसर्थ:**

- मानव बेचविखनजन्य कार्य गर्ने/गराउनेलाई कानुनबमोजिम कारवाही हुन्छ,
- मानव बेचविखन गरे/गराएको जानकारी पाएमा नजिकको प्रहरी कार्यालयमा खबर गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

# नागरिकमैत्री: सार्वजनिक सेवा

- ❖ सेवाग्राहीप्रति सम्मान, शिष्टता र समान व्यवहार गरौं,
- ❖ छिटो, सरल, पारदर्शी र गुणस्तरीय सेवा प्रदान गरौं,
- ❖ सेवासम्बन्धी सूचना, प्रक्रिया र शुल्क स्पष्ट रूपमा उपलब्ध गराऔं,
- ❖ प्रविधिमैत्री तथा डिजिटल सेवाको प्रभावकारी उपयोग गरौं,
- ❖ सेवाग्राहीका गुनासा, सुझाव र प्रतिक्रियालाई सम्बोधन गरौं,
- ❖ सुशासन, इमानदारीता, जवाफदेहिता र उत्तरदायित्वलाई आत्मसात् गरौं,
- ❖ सार्वजनिक सेवालाई विश्वासयोग्य, पहुँचयोग्य र नागरिककेन्द्रित बनाऔं।

सेवाग्राहीको सन्तुष्टि नै सार्वजनिक सेवाको सफलता हो।

नेपाल सरकार
विज्ञापन बोर्ड

# आत्महत्या समस्याको समाधान होइनः

**आत्महत्याका प्रमुख कारणः**

❖ मानसिक तनाव, डिप्रेशन, एक्लोपन वा निराशा,
❖ हिंसा, पारिवारिक झगडा वा सम्बन्ध विच्छेद र प्रेममा असफलता,
❖ गरिबी, बेरोजगारी, आर्थिक संकट र ऋण लाग्नु,
❖ हिनताबोध, आवेश र घुर्की देखाउनु,
❖ व्यक्तिगत र पारिवारिक इच्छा, आकांक्षा पूर्ती हुन नसक्नु,
❖ सोचे अनुसार सफलता प्राप्त नहुनु,
❖ सामाजिक बहिष्कार वा दुर्व्यवहार लगायत।

**रोकथामका लागिः**

❖ आफन्त, साथी वा विश्वासिलो व्यक्तिसँग समस्याका बारेमा खुलेर कुरा गरौं,
❖ तनाव वा समस्या परेमा मनोचिकित्सक वा परामर्शकर्ताको सहयोग लिऔं,
❖ आत्महत्याको सोच आएमा तत्काल परिवारका सदस्यलाई बताऔं वा सहायता केन्द्रमा सम्पर्क गरौं,
❖ तनाव र निराशामा रहेका व्यक्तिको समस्या सुनौं र सहयोग गरौं।

**"एक-अर्काको सहारा बनौं, आत्महत्या होइन समस्याको समाधान खोजौं"**

नेपाल सरकार
विज्ञापन बोर्ड

# मानसिक स्वास्थ्यमा ध्यान दिऔं

- ❖ मानसिक स्वास्थ्य शारीरिक स्वास्थ्यजत्तिकै महत्वपूर्ण हो भन्ने बुझौं,
- ❖ डर, तनाव वा चिन्ता भएमा विश्वासिलो व्यक्ति वा सम्बन्धित विशेषज्ञसँग खुलेर कुरा गरौं,
- ❖ परिवार, साथीभाइ र समुदायमा सहयोगी तथा सकारात्मक वातावरण निर्माण गरौं,
- ❖ पर्याप्त निद्रा र सन्तुलित आहारमार्फत मानसिक स्वास्थ्यको सुरक्षा गरौं,
- ❖ योग, ध्यान तथा सिर्जनात्मक गतिविधिमा सहभागी भई तनाव व्यवस्थापन गरौं,
- ❖ मानसिक स्वास्थ्यसम्बन्धी भ्रम र विभेदको अन्त्य गरौं,
- ❖ समस्या देखिएमा स्वास्थ्य संस्थाबाट परामर्शसेवा लिऔं,
- ❖ आत्मीय संवाद, आपसी सहयोग र सहानुभूतिमार्फत स्वस्थ समाज निर्माण गरौं।

खुलेर कुरा गरौः मानसिक स्वास्थ्यको संरक्षण गरौं।

नेपाल सरकार
विज्ञापन बोर्ड

# बाल अधिकारको संरक्षण गरौं

❖ बालबालिकाको अधिकारको सम्मान गरौं,

❖ बालश्रम, बालविवाह, बालहिंसा तथा सबै प्रकारका शोषणको अन्त्य गरौं,

❖ बालबालिकालाई गुणस्तरीय शिक्षा, स्वास्थ्य र पोषण सुनिश्चित गरौं,

❖ बालमैत्री, सुरक्षित र भेदभावरहित वातावरण निर्माण गरौं,

❖ बालबालिकाको विचार र सहभागितालाई उचित सम्मान गरौं,

❖ बालबालिकालाई अनलाइन तथा साइबर जोखिमबाट सुरक्षित राखौं,

❖ परिवार, विद्यालय र समुदाय मिलेर बाल अधिकारको संरक्षणमा सक्रिय बनौं,

**समुन्नत राष्ट्र निर्माणका लागि बालबालिकाको उज्ज्वल भविष्य सुनिश्चित गरौं।**

नेपाल सरकार
विज्ञापन बोर्ड

# कर तिर्ने संस्कृतिको विकास गरौं

- ❖ कानुनबमोजिम समयमै कर तिरी जिम्मेवार नागरिक बनौं,
- ❖ प्रत्येक खरिद–बिक्रीमा अनिवार्य रूपमा बिल–बिजक लिऔं र दिऔं,
- ❖ कर छली तथा अवैध कारोबारलाई निरुत्साहित गरौं,
- ❖ डिजिटल माध्यमबाट भुक्तानी गरी सेवा सहज बनाऔं,
- ❖ करदाताका अधिकार र कर्तव्यबारे सचेत बनौं,
- ❖ पारदर्शी, इमानदार र जिम्मेवार कर संस्कृतिको विकास गरौं,
- ❖ करबाट संकलित राजस्व राष्ट्रको विकास र सार्वजनिक सेवामा उपयोग हुने हुँदा राष्ट्र निर्माणमा सहभागि बनौं।

कर तिर्नु नागरिकको दायित्व र राष्ट्रप्रतिको योगदान हो।

नेपाल सरकार
विज्ञापन बोर्ड

# बाढी र डुबान हुनुपूर्वको तयारी

- नदीमा बढेको पानी, ड्याम र तटबन्धको अवस्थाको जानकारी लिऔं,
- घरबाट नजिक रहेको सबैभन्दा अग्लो ठाउँ, चौर र सार्वजनिक भवनबारे थाहा पाइराखौं,
- आपतकालिन अवस्थाका लागि खाद्यान्न तथा औषधीजन्य सामाग्री घरको अग्लो ठाउँमा राखौं,
- गाउँ, टोल, वडामा रबरका डुङ्गा, लाईफ ज्याकेट, डोरी, बाँस र प्राथमिक उपचारका सामाग्री तयारी अवस्थामा राखौं,
- बर्षायाममा सधै मोबाईलमा पर्याप्त ब्यालेन्स र ब्याट्री राखौं,
- बर्षा र बाढीको अवस्थाबारे टोल फ्रि नम्बर ११५५ वा सञ्चार माध्यमबाट जानकारी लिने गरौं,
- प्रहरी, सुरक्षा निकाय र एम्बुलेन्सको नम्बर राखौं, तत्काल सहायता चाहिएमा सम्पर्क गरौं।

नेपाल सरकार
विज्ञापन बोर्ड

# सार्वजनिक यातायातको मर्यादित प्रयोग गरौं

- ❖ सार्वजनिक यातायातका साधनको जिम्मेवारीपूर्वक प्रयोग गरौं,
- ❖ सवारी चढ्ने र ओर्लने क्रममा सडक अनुशासन र पालोको पालना गरौं,
- ❖ ज्येष्ठ नागरिक, गर्भवती महिला, अपाङ्गता भएका व्यक्ति तथा बालबालिकालाई प्राथमिकता दिऔं,
- ❖ सार्वजनिक यातायातमा धूम्रपान गर्ने, फोहोर फाल्ने तथा होहल्ला गर्ने कार्य नगरौं,
- ❖ चालक तथा सहचालकसँग सभ्य र सम्मानजनक व्यवहार गरौं,
- ❖ चालक तथा सहचालकले यात्रुसँग सभ्य र सम्मानजनक व्यवहार गरौं,
- ❖ सवारी साधनको क्षमता भन्दा बढी यात्रु नचढौं/नचढाऔं,
- ❖ ट्राफिक नियमको पालना गरी सुरक्षित यात्रामा सहयोग गरौं,
- ❖ सार्वजनिक सम्पत्तिको संरक्षण गर्दै स्वच्छ र सुरक्षित यात्रा संस्कृतिको विकास गरौं।

अनुशासित यात्रा गरौं, सुरक्षित गन्तव्यमा पुगौं।

नेपाल सरकार
विज्ञापन बोर्ड

# प्रविधिको प्रयोग व्यवस्थित गरौं

- ❖ प्रविधिको प्रयोगलाई आवश्यक र उद्देश्यपूर्ण बनाऔं,
- ❖ परिवार र साथीभाइसँग प्रत्यक्ष संवाद र समय बिताउने बानी बसालौं,
- ❖ सामाजिक सञ्जालको जिम्मेवारीपूर्ण र मर्यादित प्रयोग गरौं,
- ❖ पारिवारिक र सामाजिक सम्बन्धलाई प्राथमिकता दिऔं,
- ❖ डिजिटल उपकरणको अत्यधिक प्रयोगबाट हुने नकारात्मक असरप्रति सचेत बनौं,
- ❖ बालबालिकालाई सुरक्षित, सन्तुलित र सिर्जनात्मक प्रविधि प्रयोगमा अभिप्रेरित गरौं,
- ❖ व्यक्तिगत गोपनीयता र साइबर सुरक्षामा विशेष ध्यान दिऔं,
- ❖ प्रविधिलाई मानव सम्बन्ध, शिक्षा, सेवा र विकासको सशक्त माध्यमका रूपमा प्रयोग गरौं।

**प्रविधिको सही प्रयोग गरौं, मानविय सम्बन्ध बलियो बनाऔं।**

नेपाल सरकार
विज्ञापन बोर्ड

# औषधिको जथाभावी प्रयोग नगरौं

- चिकित्सकको सल्लाहबिना औषधि सेवन नगरौं,
- चिकित्सकले तोकेको मात्रा र अवधि बमोजिम औषधि सेवन गरौं,
- रुघाखोकी, फ्लु वा भाइरल संक्रमणमा आफूखुशी औषधि प्रयोग नगरौं,
- अरूका लागि लेखिएको औषधि आफैं जथाभावी प्रयोग नगरौं,
- म्याद नाघेको औषधि प्रयोग नगरौं/नगराऔं,
- औषधिको सुरक्षित र जिम्मेवारपुर्वक प्रयोग गरी/गराई आफ्नो र परिवारको स्वास्थ्य संरक्षण गरौं।

औषधिको अनावश्यक प्रयोगले स्वास्थ्यमा गम्भिर असर पर्न सक्छ।

तसर्थ, चिकित्सकको सल्लाहअनुसार मात्र औषधिको प्रयोग गरौं/गराऔं।

नेपाल सरकार
विज्ञापन बोर्ड

# गलत समाचार र भ्रामक सूचनाको पहिचान गरौं

- ❖ कुनैपनि समाचार वा सूचना सार्वजनिक गर्नुअघि स्रोतको सत्यता जाँच गरौं,
- ❖ आधिकारिक निकायबाट प्रकाशित सूचना र समाचारमा विश्वास गरौं,
- ❖ शीर्षक मात्र होइन, सम्पूर्ण सामग्री पढेर बुझ्ने बानी बसालौं,
- ❖ अपुष्ट, भ्रामक वा उत्तेजनात्मक सामग्री सामाजिक सञ्जालमा सार्वजनिक नगरौं,
- ❖ फोटो, भिडियो वा अडियोको सत्यता पुष्टि गरेर मात्र विश्वास गरौं,
- ❖ अफवाह फैलाउने कार्यबाट टाढा रहँदै जिम्मेवार नागरिक बनौं,
- ❖ गलत सूचना भेटिएमा सम्बन्धित निकायलाई जानकारी दिऔं।

सत्य, तथ्य र जिम्मेवार सञ्चार संस्कृतिको विकास गरौं।

नेपाल सरकार
विज्ञापन बोर्ड

# सार्वजनिक शौचालयको निर्माण र व्यवस्थापन गरौं

- ❖ सार्वजनिक शौचालयको निर्माण तथा नागरिकको पहुँच विस्तार गरौं,
- ❖ सार्वजनिक शौचालयको जिम्मेवारीपूर्वक प्रयोग गरौं,
- ❖ फोहोर, प्लास्टिक वा अन्य वस्तु शौचालयमा नफालौं,
- ❖ साबुनपानीले हात धुने बानी अपनाई व्यक्तिगत सरसफाइमा ध्यान दिऔं,
- ❖ सार्वजनिक सम्पत्तिको सम्मान गर्दै क्षति पुग्ने कार्य नगरौं,
- ❖ शौचालय स्वच्छ राखी रोगको संक्रमण न्यूनीकरणमा योगदान दिऔं,
- ❖ सार्वजनिक शौचालय सफा राखौं, सभ्य नागरिकको परिचय दिऔं।

स्वच्छ शौचालय, स्वस्थ समुदाय र सभ्य समाज निर्माणमा सबैले सहयोग गरौं।

नेपाल सरकार
विज्ञापन बोर्ड